नेपाल नागरिक उड्डयन प्राधिकरण

विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, विराटनगर-४, मोरङ्गको

टर्मिनल भवनको स्टेराईल हलमा कन्फेक्सनरी पसल सञ्चालन गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८०।०२।२८)

विराटनगर विमानस्थलको टर्मिनल भवनको स्टेराईल हलमा १३।१४ वर्गमीटर क्षेत्रफलमा कन्फेक्सनरी पसल सञ्चालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायहरुबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) दिन कार्यालय समय भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको विशालबजार स्थित राष्ट्रिय वाणिज्य वैंकमा रहेको खाता नम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०।- (अक्षरेपी: तीन हजार तीन सय नब्वे मात्र) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर यस कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आ.व २०७८।०७९ को कर चुक्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणापत्रसहित कार्यालय प्रमुखलाई सम्बोधन गरिएको आधिकारिक सहि छाप भएको निवेदन कार्यालयमा पेस गरी वोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. वोलपत्र फाराम सूचना प्रकाशित भएको मितिवाट १५ (पन्ध्र) औं दिनको कार्यालय समयभित्र खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ। दाखिला हुन आएका वोलपत्रहरु सोही दिनको २:०० वजे सम्वन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि वोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ।

३. कन्फेक्सनरी पसल सञ्चालनको लागि ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ। सो अवधिको न्यूनतम ठेक अंक रु. ३३,०००,००।- (अक्षरेपी: तेत्तिस लाख मात्र) कायम गरिएको छ। साथै दोस्रो वर्षदेखि कुल ठेक अंकमा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकाङ्कको अनुपातमा स्वतः वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ।

४. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन। प्राधिकरणलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नरहेको व्यहोराको प्रमाण वोलपत्र कागजात खरिद गर्दाका समयमा पेस गर्नुपर्नेछ।

५. कबोल गरेको रकमको ५% ले हुने बोलपत्र जमानत रकम कार्यालयको नेपाल इन्भेष्टमेन्ट बैंक, विराटनगरमा रहेको धरौटी खाता नम्बर ००८१०३०००२२३५ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिवाट )मान्य अवधि भएको वैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

६. दाखिला गर्ने वोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको वोलपत्र हो, सो स्पष्ट लेखी श्री विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालय, विराटनगर-४, मोरङ्गलाई सम्वोधन गरी विराटनगर विमानस्थल नागरिक उड्डयन कार्यालयमा दर्ता गराउनु पर्नेछ।

७. वोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए वमोजिम हुनेछ।

११. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np मा उपलब्ध हुनेछ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ।

१३. यस सम्वन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१४. सूचनामा भएका शर्त र वोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ।